# दुहवी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी

प्रदेश नं. १, नेपाल

प.सं.: ०७७/०७८

च.नं.:

मिति : २०७७।४।३२

सूचना । सूचना ॥ सूचना ॥।

महामारीको रुपमा विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नेपालमा द्रुत गतिमा फैलिइरहेको छ । यस महामारीबाट दुहवी नगरपालिका क्षेत्र पनि प्रभावित भई समुदायस्तरमा नै कोरोना भाइरसको संक्रमण फैलिएको छ र यो क्रमिक रुपमा बढ्दो छ। यस बाट हुन सक्ने सम्भावित उच्च जोखिम रोकथाम तथा नियन्त्रणका लागि मिति २०७७/०४/३२ गते बसेको DCCMC सुनसरीको निर्णय अनुसार मिति २०७७/०४/३२ गतेदेखि मिति २०७७/०५/०७ गते राती १२ बजे सम्म दुहवी नगरपालिका क्षेत्र भित्र देहायका गतिविधि गर्न नपाउने गरी निषेध गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ

- अत्यावश्यक बाहेक मानिसको आवतजावत, हिडडुल गर्न ।
- अत्यावश्यक बाहेकका सम्पुर्ण हाटबजार तथा पसल सञ्चालन गर्न ।
- बैंक तथा वित्तिय संस्थाको विद्युतीय सेवा बाहेक बाह्य सेवा बन्द गर्ने ।
- दुहबी नगरपालिका कार्यालय तथा मातहतका कार्यालयहरुको अत्यावश्यक सेवा बाहेक बाह्य सेवा बन्द गर्ने ।
- उल्लेखित आदेश उल्लघंन गरेमा संक्रामक रोग ऐन २०२० र प्रचलित कानून बमोजिम सजाय हुने ।

जन स्वास्थ्य अधिकृत (सातौं तह)